# लोक सेवा आयोग

## प्रेस विज्ञप्ती

लोक सेवा आयोगको हाल काम कारबाही हुँदै आएको अनामनगर स्थित भवनबाट साबिक केन्द्रीय कार्यालय रहेको स्थानमा नव निर्मित भवनबाट २०७८ श्रावण १ गते देखि आंशिक रूपमा कार्य सञ्चालनमा ल्याउन शुरू भएको छ । आयोगबाट लिखित परीक्षाको नतिजा प्रकाशन भएका स्वास्थ्य सेवा तर्फका नवौं तहको अन्तर्वार्ता श्रावण ३ गतेदेखि र शाखा अधिकृत वा सो सरहका अन्तर्वार्ता श्रावण १० गतेदेखि सोही भवनबाट सञ्चालन हुने व्यवस्था गरिएको छ । शाखा अधिकृत वा सो सरहका पदको सूचना प्रविधि सीप परीक्षण कार्यक्रम, ४०० सीट क्षमताको परीक्षा कोठा, काठमाडौं कार्यालय तथा आयोगका केही महाशाखा/शाखा आयोगको अनामनगर कार्यालयबाटै सञ्चालन हुनेछन् भने आयोगका पदाधिकारीहरूको कार्यकक्ष, आयोगको बैठक, सचिवालय तथा आयोग संलग्न हुनुपर्ने परीक्षा सम्बन्धी काम नव निर्मित भवनबाट सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ ।

तोयनारायण सुवेदी
सहसचिव एवम् प्रवक्ता